बैठक संख्याः २६।२०८३

बैठक मितिः २०८२।१२।१५, समयः३:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।१।१५ गते मंगलबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी ि प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशब गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिकासदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिकासदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिकासदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुखप्र शासकीय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोइराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री मुना पोखेल | सहायक पाँचौ | |
| | | | |

बैठक संख्या: २६।२०८२-२०८३
बैठक मिति: २०८२।१।१५ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१. प्रस्ताव नं. १: भूमि प्रशासन सम्बन्धी सेवाहरू स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धमा ।
२. प्रस्ताव नं. २: विविध।

**निर्णयहरु**

**निर्णय नं.१**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंको भूमिसुधार/मालपोत कार्यालय तथा नापी कार्यालयहरूबाट प्रवाह हुँदै आएका सेवाहरू स्थानीय तहबाट प्रवाह गर्न सकिने सम्बन्धी प्रकाशित सूचना बमोजिम यस रामधुनी नगरपालिकाले आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्था गर्ने गरी उक्त सेवा प्रवाह गर्न इच्छुक रहेको हुँदा सम्बन्धित मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं.२(क)**

यस रामधुनी नगरपालिकाको कार्यालयमा पेश भएका आर्थिक सहयोग मागसम्बन्धी निवेदनहरू तथा वडा कार्यालयहरूबाट पेश भएका सिफारिस बमोजिम तपसिलका व्यक्तिहरूलाई देहाय बमोजिम आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

१. वडा नं. २ निवासी श्री राम नारायण चौधरीलाई औषधि उपचारका लागि रकम रू. १०,०००।— (अक्षरूपी दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने।
२. वडा नं. ५ निवासी सुनीता वि.क.लाई शिक्षा आर्जनका लागि रकम रू. १०,०००।— (अक्षरूपी दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने।
३. वडा नं. २ निवासी रामकुमार चौधरीलाई रकम रू. ५०,०००।— (अक्षरूपी पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने।



CamScanner

बैठक संख्या: २६।२०८२-२०८३
बैठक मिति: २०८२।१।१५ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिका वडा नं. ७ को च.नं. ०१९७७ मिति २०८३।०१।११ गतेको प्राप्त पत्रानुसार उक्त वडास्थित कुमरखत खोप केन्द्र अगाडिको खाली जमिनको चार किल्ला भित्र पूर्वमा खोला, पश्चिममा आधारभूत स्वास्थ्य केन्द्र जाने बाटो, उत्तरमा तेतरिया टोल—रानी जाने बाटो र दक्षिणमा चौधरी ग्रामथानले घेरिएको चार किल्ला भित्रको ०—१०—० क्षेत्रफलको खाली जग्गामा शुद्ध खानेपानीको व्यवस्था गर्न कुमरखत खानेपानी आयोजना सञ्चालनका लागि सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ग)**

विद्यालयमा कामको संसार चिनाउने (School to Work Transition) कार्यक्रम संचालन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(घ)**

रामधुनी नगरपालिका वडा नं. ७ स्थित खरिटोलको "खरिटोल बाटो स्तरोन्नति" सम्बन्धी सम्झौता नभएको योजनाको जनसहभागिता बापतको रकम रू. ६०,०००।— (अक्षरूपी साठी हजार रुपैयाँ मात्र) फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ङ)**

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ तथा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ बमोजिम अन्य प्रदेशको स्थानीय तहमा नियुक्त भई सुदूरपश्चिम प्रदेशमा काज सरुवा भई कार्यरत कर्मचारीलाई सोही प्रदेशमा पदस्थापना गर्ने व्यवस्था रहेको सन्दर्भमा यस रामधुनी नगरपालिकामा मिति २०७६।१२।०३ मा नियुक्त भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।०५।२० गतेको निर्णय अनुसार सुदूरपश्चिम प्रदेश अन्तर्गत अमरगढी नगरपालिका, डडेल्धुरामा कामकाज गर्न सरुवा भएका चन्द्रराज जोशीलाई सोही नगरपालिकामा पदस्थापना गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।



CamScanner

बैठक संख्या: २६।२०८२-२०८३
बैठक मिति: २०८२।१।१५ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(च)

रामधुनी नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. १ हाटखोलास्थित सटरहरू कृषि व्यापार/व्यवसाय सञ्चालनार्थ निर्माण गरिएको भए तापनि हालसम्म उक्त स्थानमा कृषि बाहेक अन्य प्रयोजनका व्यवसायिक गतिविधिहरू सञ्चालन हुँदै आएको पाइएकाले ती सटरहरू खाली गराई सूचना प्रकाशन मार्फत कृषि व्यापार/व्यवसाय सञ्चालन गर्ने व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं.२(छ)

रामधुनी नगरपालिका वडा नं. ७ स्थित धार्मिक क्षेत्रमा रहेको नेवाः देय् दबूयामा छाना लगाउनका लागि ३ बन्डल टिनको छाना (जस्तापाता) व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.२(ज)

रामधुनी नगरपालिका वडा नं. २ को च.नं. ०२०१९ मिति २०८३।०१।१५ गतेको प्राप्त पत्रानुसार आ.व. २०८२/०८३ मा विनियोजित भएको तपसिल बमोजिमको योजनाको शीर्षकान्तरण गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स | हाल योजनाको नाम | क्र.स | शीर्षकान्तरण भई कायम भएको योजनाको नाम |
|---|---|---|---|
| १ | पक्की नाला एजिङ्ग निर्माण विचला टोल १,५०,०००।- | १ | शिवनगर खानेपानी मुल उपभोक्ता समितिको खानेपानी पाईप जडान गर्ने कार्य रू १,५०,०००।- |

बैठक संख्या: २६।२०८२-२०८३
बैठक मिति: २०८२।१।१५ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं.२(झ)</u>

रामधुनी नगरपालिका वडा नं. ७ को च.नं. २०१५ मिति २०८३।०१।१५ गतेको प्राप्त पत्रानुसार आ.व. २०८२/०८३ मा विनियोजित भएको तपसिल बमोजिमको योजनाको शीर्षकान्तरण तथा रकमान्तर गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स | हाल योजनाको नाम तथा रकम | क्र.स | शीर्षकान्तरण भई कायम भएको योजनाको नाम तथा रकम |
|---|---|---|---|
| १ | अण्डर १६ फुटवल प्रतियोगिता ५०,०००।- | १ | पंचायन गोल्डकप रू १,००,०००।- |
| | खेलकुद सामाग्री खरिद तथा वितरण ५०,०००।- | | |